
# तुल्सी लाल स्मृति प्रतिष्ठान–संक्षिप्त परिचय



प्रकाशक:

**तुल्सी लाल स्मृति प्रतिष्ठान**

स्वठ, ललितपुर, फोन : ५४६४७५

ई–मेल : tlmf2001@yahoo.com

तुल्सी लाल स्मृति प्रतिष्ठान २०५४ TLMF 1998 TULSI LAL MEMORIAL FOUNDATION

नेपालको कम्युनिष्ट, प्रजातान्त्रिक एवं किसान आन्दोलनका शिर्षस्थ व्यक्तित्व कमरेड तुल्सीलाल अमात्यको २०५४ साल श्रावण १७ गते भएको असामयिक निधनले नेपालको कम्युनिष्ट, प्रजातान्त्रिक एवं किसान आन्दोलनलाई अपूरणीय एवं गम्भीर क्षति भएको छ। नेपालको वस्तुगत धरातलमा गैर-पूँजीवादी विकासको सिद्धान्तका प्रतिपादक, राष्ट्रियता र राष्ट्रिय अर्थतन्त्रका कट्टर हिमायति स्वर्गीय कमरेड तुल्सीलाल अमात्य राजनीतिक सिद्धान्त, मूल्य र मान्यताप्रति प्रतिबद्ध सच्चा मार्क्सवादी-लेनिनवादी हुनुहुन्थ्यो। वहाँ आन्दोलनमा निरन्तरता, एकाग्रता, समर्पणभाव, धैर्यता र निस्वार्थभाव जस्ता असल गुणहरूद्वारा परिपूर्ण हुनुहुन्थ्यो। आधा शताब्दी लामो कष्टकर तर गौरवशाली राजनीतिक इतिहास बोकेका कमरेड तुल्सीलाल अमात्यले मध्ययुगीन राणा शासनको अन्त्यका लागि तथा निरंकुश एवं निर्दलिय पंचायती व्यवस्थाको समाप्तीद्वारा नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापनाका लागि निर्वाह गर्नु भएको भूमिका अतुलनीय छ। नेपाल र नेपाली जनताको मुक्ती, हक, हित र अधिकार प्राप्तीको लागि जुनसुकै विषम परिस्थितिमा पनि हिमाल झैं अटल रही संघर्षरत रहन सक्षम वरिष्ठ राजनायक स्वर्गीय तुल्सीलाल अमात्यले नेपालको कम्युनिष्ट, प्रजातान्त्रिक र किसान आन्दोलनमा निर्वाह गर्नु भएको भूमिकालाई चिरस्थायी बनाउन, वहाँद्वारा प्रतिपादीत सिद्धान्तलाई व्याख्या-विश्लेषण गर्न, वहाँका अधूरा सपनाहरू पूरा गर्न र वहाँले निर्देशित गरेको मार्ग अनुरुप अग्रसर हुन एउटा संस्थाको आवश्यकता परेकोले वहाँका राजनीतिक सहकर्मीहरू र शिष्यहरूको पहलकदमीमा तुल्सीलाल स्मृति प्रतिष्ठानको गठन २०५४ सालमा भएको हो। प्रतिष्ठानको गठन स्वर्गीय कमरेड अमात्यले परिकल्पना गर्नु भएको न्यायपूर्ण, समतामूलक र शोषणमुक्त प्रजातान्त्रिक नेपालको स्थापनाको दिशामा एउटा प्रारम्भिक एवं सकारात्मक कदम साबित हुनेछ।

कमरेड तुल्सीलाल अमात्यको राजनीतिक संघर्ष, त्याग र बलिदानको गाथा नेपालमा एक शताब्दी पुरानो जहाँनियाँ एकतन्त्री राणा शासनको



२०४५/४६ सालको जनआन्दोलनमा कम्युनिष्ट पार्टीको झण्डा फहराउँदै कमरेड अमात्य ।

अन्त्यका लागि चलाइएको आन्दोलनको क्रममा स्थापना भएका राजनीतिक दलहरूको इतिहास जत्तिकै लामो एवं गौरवशाली छ । अगस्ट १९४७ मा भारत अंग्रेजको दासताबाट मुक्त भएको अवसरमा नेपाली जनताको तर्फबाट भारतीय जनताप्रति एक्यवद्धता र बधाई ज्ञापन गर्ने उद्देश्यले पाटनमा आयोजित विशाल जुलुसको नेतृत्व कमरेड तुल्सीलाल अमात्य र नेपालका प्रसिद्ध गान्धीवादी नेता तुल्सीमेहर श्रेष्ठले गर्नु भएको थियो । राणाहरूको पारिवारिक एवं निरंकुश शासनले जकडिएको नेपाली इतिहासको उक्त कालखण्डमा राजनीतिक गतिविधिको संलग्नतालाई भयङ्कर अपराध घोषित गरी मृत्युदण्ड समेत दिइन्थ्यो । हातमा नाङ्गो तरबार बोकेका राणा शासकका भरौटे सैनिकहरूले कमरेड अमात्यलाई सयौं व्यक्तिहरू सम्मिलित उक्त जुलुसबाट गिरफ्तार गर्न



सफल भएका थिए । फलस्वरुप वहाँलाई कठोर यातना सहित ६ महिना जेल सजायँ दिइएको थियो ।

कमरेड अमात्यलाई सक्रिय राजनीतितर्फ धकेल्ने अगस्त १९४७ को उपरोक्त घटनाले तत्कालिन राणा शासकप्रति वहाँमा तीव्र आक्रोश उत्पन्न गरायो । राणा शासकप्रतिको तीब्र घृणा र आक्रोशलाई सशक्तता प्रदान गर्न संगठनको अपरिहार्यतालाई महसुस गरी त्यसको खोजीमा वहाँ भारतको रक्सौल पुग्नु भयो । त्यस अवधिमा नेपालमा राणा शासनलाई समाप्त पार्ने उद्देश्यले स्थापना भएका पार्टीहरू मध्यको एक प्रमुख पार्टी नेपाली राष्ट्रिय कांग्रेसमा सामेल हुनुभयो । तत्पश्चात् पार्टीनिर्देशन अनुरुप काठमाडौं फर्कि भूमिगत रुपले नेपाली राष्ट्रिय कांग्रेसको संगठन विस्तार गर्न र राणा विरोधी आन्दोलनलाई अगाडी बढाउने कार्यमा संलग्न हुनुभयो । यसै क्रममा नेपाली राष्ट्रिय कांग्रेस र राणा विरोधी आन्दोलनमा राजा त्रिभुवनको समर्थन जुटाउने उद्देश्यले कडा सुरक्षा कवचमा रहेको नारायणहिटी राजदरबारको अग्लो पर्खाल नाघी राजा त्रिभुवनलाई भेट्न सफल हुनुभयो । उक्त घटना बारे राणा शासकहरूलाई जानकारी प्राप्त भएपछि वहाँको गिरफ्तारीको लागि उनीहरूले ७ जना विशेष गुप्तचरहरू खटाएका थिए । तर वहाँ भूमिगत भई गिरफ्तारीबाट बच्न सफल हुनु भयो । संगठन निर्माणमा र राणाविरोधी आन्दोलनमा क. अमात्यको योगदानको उच्च मूल्यांकन गर्दै वहाँलाई नेपाली राष्ट्रिय कांग्रेसको केन्द्रीय कार्यसमितिमा समावेश गरियो । वहाँकै पहलकदमीमा नेपाली राष्ट्रिय कांग्रेसको भातृ संगठनको रूपमा नेपाल मजदुर किसान संघ स्थापना गरी त्यसको संस्थापक अध्यक्ष बन्नु भयो ।

नेपाली राष्ट्रिय कांग्रेसको गोरखपुरमा आयोजित केन्द्रीय कार्यसमितिको बैठकमा राजनीतिक, आर्थिक र सामाजिक समानतामा आधारित पार्टीको घोषणा पत्र जारी गर्नुपर्ने प्रस्ताव पेश गर्नु भयो । वहाँको प्रस्तावमा केही संशोधन गरी १ महिनाभित्र घोषणा पत्र तयार गर्ने जिम्मा विश्वेश्वर प्रसाद कोइरालालाई दिइयो । तर ६ महिना बितिसक्दा पनि घोषणा पत्र तयार

नगरिएकोले नेपाली राष्ट्रिय कांग्रेसप्रति वहाँको विश्वास समाप्त भयो। त्यसपछि वहाँले नेपाली राष्ट्रिय कांग्रेस परित्याग गर्नुभयो र अखिल नेपाल मजदुर किसान संघलाई स्वतन्त्र रूपले संचालन गर्न थाल्नुभयो। तत् पश्चात् वहाँ कलकत्ता जानु भै केही समय अघि मात्र स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी र यसका संस्थापक नेता कमरेड पुष्पलाललाई भेटी उक्त पार्टीमा सामेल हुनुभयो। वहाँको पहलकदमीमा गठन भएको अखिल नेपाल मजदूर किसान संघलाई मजदूर र किसान संगठनमा विभाजित गरियो। नेकपाको किसान मोर्चाको रूपमा अखिल नेपाल किसान संघको गठन भई वहाँ यसको संस्थापक अध्यक्ष बन्नुभयो। कमरेड टी. एल. नेकपा स्थापनाको ५ महिना पछि सेप्टेम्बर १९४९ मा गठन गरिएको प्रथम केन्द्रीय संगठन कमिटी (COC) को सदस्य बन्नुभयो। यसबाट कमरेड तुल्सीलाल अमात्य ने.क.पा. को स्थापना कालदेखि नै नेतृत्व तहमा कार्यरत रहनु भएको तथ्य उजागर हुन्छ।

२००७ सालमा राणा, नेपाली कांग्रेस र राजाबीच सम्पन्न भएको त्रिपक्षीय सम्झौताको विरोध गरेको अभियोगमा पार्टीको रक्सौल स्थित कार्यालयमा भारतीय शसस्त्र प्रहरीले घेराउ गरी कमरेड अमात्यलाई गिरफ्तार गर्न सफल भएका थिए। तत्पश्चात् वहाँलाई भारतीय शासकहरूले ८ महिना भागलपुर जेलमा बन्दी बनाएका थिए। विक्रम सम्वत् २००८ (ई. १९५१) कलकत्तामा अयोजित पार्टीको प्रथम सम्मेलनबाट वहाँ ने.क.पा.को पोलिटब्यूरोमा छानिनु भयो।

सन् १९५२ मा नेपालको बारा, रौतहट र सर्लाही जिल्लामा वहाँको नेतृत्वमा विशाल किसान आन्दोलनहरू भएका थिए। वहाँको अगुवाईमा भएको उक्त ऐतिहासिक किसान आन्दोलनमा लगभग ३ लाख किसानहरूको प्रत्यक्ष संलग्नता थियो भने लगभग २० करोड रूपैयाँ बराबरका जाली तमसुकहरू च्यातिएका थिए। त्यस बखत ती जिल्लाका स्थानीय प्रशासकहरू भागेर सिमाना पार भारत पुगेका थिए।



२०१५ सालमा नेपालमा सम्पन्न पहिलो ऐतिहासिक आम चुनावमा ललितपुरबाट संसद सदस्यमा चुनिन सफल हुनुभयो। ने.क.पा. को संसदीय दलको नेताको रूपमा तत्काल वहाँले निर्वाह गर्नु भएको ओजपूर्ण भूमिकालाई वहाँका कट्टर विरोधीहरूले पनि स्वीकार गर्ने गर्दथे। गण्डक सम्झौता, विर्ता उन्मूलन र प्रगतिशील मालपोत, भारतबाट वनस्पति घिउको आयात विरुद्ध संसदमा आवाज उठाउँदा वहाँलाई सुरक्षा कानुन अन्तर्गत गिरफ्तार गरी नजरबन्द समेत गरिएको थियो।

२०१७ साल पौष १ गते नेपालको इतिहासमा कालो दिनको रूपमा अंकीत छ। उक्त दिन संसद भंग गरी पार्टीहरूमाथि प्रतिबन्ध लगाइएको थियो। राजनीतिक दलका नेताहरूलाई गिरफ्तार गरिएको थियो भने कैयौं नेताहरू भूमिगत हुन वा भारतमा निर्वासित हुन वाध्य भएका थिए। कमरेड अमात्यलाई गिरफ्तार गर्न वारेन्ट जारी गरिएको भए तापनि वहाँ गोप्य रूपले भारत पुग्नु भयो। त्यसको लगत्तै पार्टीभित्र देखा परेको आत्मसमर्पणवादी, राजावादी रुझानका विरुद्ध सम्झौताहीन अन्तरपार्टी संघर्ष संचालन गर्नुभयो। डा. केशरजंग रायमाझीको नेतृत्वमा रहेको बहुसंख्यक केन्द्रीय सदस्यहरूले २०१७ सालको शाही कदमलाई समर्थन गरी राजा समक्ष आत्मसमर्पण गरेको हुँदा कमरेड तुल्सीलाल र कमरेड पुष्पलालले अन्तरजोन सामञ्जस्य समिति गठन गरी यसको आयोजनामा २०१९ सालमा नेकपाको तृतीय महाधिवेशन भारतको बनारसमा सम्पन्न भयो। यस प्रकार पार्टीलाई दरबारमा बुझाउने डा. केशरजंग रायमाझी लगायतका नेताहरूको षडयन्त्रलाई चकनाचूर पारी पार्टीलाई क्रान्तिकारी धारमा ल्याउन कमरेड अमात्यले ठूलो योगदान पुऱ्याउनु भएको थियो। तृतीय महाधिवेशनमा वहाँले प्रस्तुत गरेको राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम अत्यधिक बहुमतले पारित भई वहाँ सर्वसम्मत रूपले पार्टीको महासचिवमा निर्वाचित हुनुभयो।

भारतमा निर्वासनको अवस्थामा रहँदा प्रवासी नेपालीहरूलाई ने.क.पा. को झण्डामुनि गोलबन्द गर्ने एवं देश भित्रका कम्युनिष्ट क्रान्तिकारीहरूसँग

सम्पर्क राखी सामन्ती अधिनायकवादी पंचायती व्यवस्था विरोधी आन्दोलनलाई निरन्तरता प्रदान गर्ने कार्यमा अविछिन्न रूपले लागिरहनु भयो । २०३६ सालको ऐतिहासिक जन आन्दोलनको फलस्वरुप जनमत संग्रहको घोषणा पश्चात् आम माफी पाए पछि १९ वर्ष लामो भारतको निर्वासित जीवन परित्याग गरी वहाँ स्वदेश फर्कनु भयो । नेपाल आगमनको केही समय पश्चात् वहाँलाई कम्युनिष्ट सिद्धान्त प्रचार गरेको अभियोग लगाई १३ दिनसम्म कैद गरिएको थियो । तत्पश्चात् फेरि वहाँलाई २०४२ मा र २०४५ मा पंचायती शासकहरूले गिरफ्तार गरी क्रमशः ५ महिना र ३ महिना जेलमा राखेका थिए ।

नेपालमा बहुदलीय व्यवस्था पुर्नस्थापना गर्ने उद्देश्यले सैद्धान्तिक र राजनीतिक सिद्धान्तहरूको आधारमा विभक्त विभिन्न ७ वटा कम्युनिष्ट (माघ २, २०४५) घटकहरूलाई एक सूत्रमा बाँधी संयुक्त वाममोर्चाको निर्माणमा वहाँको सक्रिय योगदान रहेको थियो । नेपालको कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलनमा कमरेड अमात्यको योगदानको कदर गर्दै वहाँलाई वाममोर्चाको मानार्थ अध्यक्षमा निर्वाचित गरिएको थियो । २०४६ साल फाल्गुण ७ गतेदेखि सन्चालन भएको ऐतिहासिक जनआन्दोलनको दौरान कम्युनिष्ट पार्टीको रातो झण्डा हातमा लिएर पंचायती शासकहरूलाई चुनौती दिंदै खुल्ला रूपले सडकमा आउने वहाँ पहिलो नेता हुनुहुन्थ्यो । तत्कालै पंचायती शासकहरूले वहाँलाई गिरफ्तार गरी जेल चलान गरेका थिए । जनआन्दोलनको सफलताको फलस्वरूप नेपालमा बहुदलीय व्यवस्थाको स्थापना भएपछि मात्र वहाँ जेलमुक्त हुनु भएको थियो ।

२०५० साल माघ २८गते कमरेड तुल्सीलाल अमात्यले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी र ने.क.पा. (एमाले) बीचको एकीकरण पश्चात् ने.क.पा. (एमाले) को स्थायी समितिको वरिष्ठ सदस्य बन्नु भयो । नेपालको इतिहासमा पहिलो पटक निर्वाचित कम्युनिष्ट सरकारको पालामा वहाँ चीनका लागि शाही नेपाली राजदूत नियुक्त हुनुभई चीन र नेपाल बीचको मित्रतालाई



अझ अघि बढाउन प्रयत्नशील रहनुभयो । वहाँ महान राजनीतिक विचारक, दार्शनिक र अर्थशास्त्री हुनुहुन्थ्यो । वहाँ आन्दोलनमा निरन्तर समर्पण, निस्वार्थ त्याग, स्वच्छ राजनीतिक मूल्य र मान्यताका लागि जनमानसमा प्रख्यात हुनुहुन्थ्यो । राजनीतिक संघर्षको दौरान - २००४, २००५ र २०१७ सालमा गरी वहाँको तीन पटक सर्वस्व हरण गरिएको थियो । वहाँले राजनीति, अर्थशास्त्र र दर्शन सम्बन्धी थुप्रै पुस्तकहरू लेख्नु भएको छ । जसमध्ये कुनबाटो, राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम, नेपालको कम्युनिष्ट आन्दोलनमा देखा परेका मतभेदहरू, नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ? बुद्ध, बुद्धत्व र बुद्ध दर्शन, श्री कृष्ण र धर्मको मर्म, आदि प्रमुख छन् । कमरेड अमात्य भावि पिढीका लागि निरन्तर रूपले प्रेरणाको स्रोत हुनुहुनेछ ।

## कमरेड अमात्यको जीवनको लक्ष्य र अन्तिम इच्छा

१) नेपालमा सही प्रजातन्त्र (Genuine Democracy) को स्थापना, जुन प्रजातन्त्रमा नेपाली जनताले आफ्नो भाग्यको स्वयं निर्णय गर्न सकुन् ।

२) नेपालमा उन्नत स्तरको विकास, विकसित देशहरू समकक्ष ।

३) नव नेपालको निर्माण, जहाँ नेपाली जनता खुशियालीपूर्वक रहन सकुन् ।

## कमरेड अमात्यको जीवन दर्शन

शोषक र अत्याचारी बाहेक मानव मानव बीच भातृत्वभावको विकास ।

## प्रतिष्ठानको उद्देश्य

१) स्व. तुलसीलाल अमात्यका कृतिहरूको प्रचार प्रसार गर्नु र उहाँले दिनु भएको शिक्षा र अवलम्बन गर्नु भएको संस्कृतिबाट भावी पिढीलाई प्रशिक्षित गर्ने गराउन ।

२) नेपालको वाम एवं प्रजातान्त्रिक आन्दोलनको अध्ययन अनुसन्धान तथा खोज कार्य गर्ने ।

३) प्रजातन्त्रको लागि संघर्षशील राष्ट्रिय विभूतिहरूलाई नेपाली समाज सामु प्रकाशमा ल्याउने र उनीहरूको योगदान र कृतिहरूको प्रकाशन गर्ने ।

४) नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलन बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा छलफल, विचार गोष्ठी, सभा सम्मेलन गर्ने तथा पत्र पत्रिका, पुस्तक, पम्प्लेट, फोटो तथा चलचित्र वा शव्यदृष्य सामाग्रीहरू प्रकाशन गर्ने ।

५) नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनको साथमा नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता र सार्वभौमिकताको लागि लड्ने २००७ देखि २०४६ सम्मका योद्धाहरू तथा विशिष्ट व्यक्तिहरूको सम्मानका लागि वहाँहरूको कार्यहरूको प्रचार प्रसार गर्ने, अभिनन्दन गर्ने, त्यस्ता व्यक्तिहरूको विषयमा अध्ययन, अनुसन्धान गरी प्रकाशमा ल्याउने ।

६) नेपालको आर्थिक, सामाजिक विकासको अध्ययन तथा वाम एवं प्रजातान्त्रिक आन्दोलन खासगरी नेपालमा किसान आन्दोलनको इतिहास लेख्न लगाउने । नेपाल विकाशसील देश भएकोले क्रमश: विकसित राष्ट्र बनाउन विविध विज्ञान तथा प्रविधिको अध्ययन, अनुसन्धान गर्ने ।

७) स्वास्थ्य संस्था खोल्ने ।

८) यस प्रतिष्ठानको उद्देश्यसँग मेल खाने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग भाई चारा सम्बन्ध बढाई सहयोगात्मक तथा समन्वयात्मक रूपमा अघि बढ्ने ।



९) प्रतिष्ठानको उद्देश्यसँग मेल खाने विविध कार्य गर्ने गराउने ।

१०) शिक्षालय खोल्ने । पिछडिएका जनजाति लगायत जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति र पुरस्कारको व्यवस्था गर्ने ।

## प्रतिष्ठानको सदस्यता

१) **सदस्यको योग्यता**

नैतिक पतन भएको वा फौजदारी अभियोगमा सजायँ पाएको वा भ्रष्टाचार गरेको प्रमाणित भएको वा मानसिक सन्तुलन ठीक नभएको व्यक्ति प्रतिष्ठानको सदस्य बन्न अयोग्य मानिएको छ । स्व. तुलसीलाल अमात्यका कृतिहरूको प्रचार प्रसार गर्न र उहाँले दिनु भएको शिक्षा र अवलम्बन गर्नु भएको संस्कृतिबाट भावी पिढीलाई प्रशिक्षित गराउन सहमत हुने कुनै पनि व्यक्ति यस प्रतिष्ठानको सदस्य बन्न सक्नेछ ।

२) **सदस्यको प्रकार**

यस प्रतिष्ठानका सदस्य देहाय बमोजिमका हुनेछन् ।

(क) **साधारण सदस्य** : प्रतिष्ठानको विधानलाई बिना शर्त पालना गरी सकृयतापूर्वक कार्य गर्न इच्छुक नेपाली नागरिक वा संघ संस्थाले आवेदन गरेमा साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) **संस्थापक सदस्य** : यो प्रतिष्ठान स्थापना गर्न विशेष योगदान गरी विधान दर्ता गर्दाका वखतमा सदस्य रहेका व्यक्तिहरू संस्थापक सदस्य हुनेछन् । प्रतिष्ठानका १५ जना संस्थापक सदस्यहरू रहेका छन् । संस्थापक सदस्यको सदस्यता

नविकरण गरे वा शुल्क नतिरे पनि आजीवन सदस्य रहन सक्नेछन् ।

(ग) **आजीवन सदस्य :** प्रतिष्ठानको कार्यमा विशेष योगदान गर्ने र प्रतिष्ठानलाई एकमुष्ठ रु. १,००१/- (रु. एक हजार एक) नगद वा सो बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई कार्य समितिले आजीवन सदस्यता प्रदान सक्नेछ ।

(घ) **मानार्थ सदस्य :** प्रतिष्ठानलाई आर्थिक, भौतिक, प्राविधिक वा बौद्धिक रूपमा विशेष योगदान पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका व्यक्ति वा संघ संस्थालाई साधारण सभाको निर्णयले मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

## कार्यकारिणी समिति

| | | |
|---|---|---|
| १) | माधव कुमार नेपाल<br>(नेकपा एमालेका महासचिव एवं संसदमा प्रमुख प्रतिपक्षी दलका नेता) | सभापति |
| २) | श्रीमती कमला अमात्य | उप-सभापति |
| ३) | भिम प्रसाद उपाध्याय | सचिव |
| ४) | दिवस अमात्य | उप-सचिव |
| ५) | अष्टमान महर्जन | कोषाध्यक्ष |
| ६) | चन्द्र बहादुर श्रेष्ठ | सह-कोषाध्यक्ष |
| ७) | केशव वडाल<br>(नेकपा एमाले स्थायी कमिटि सदस्य एवं अखिल नेपाल किसान संघका सभापति) | सदस्य |
| ८) | वंशीधर मिश्र<br>(सांसद) | सदस्य |
| ९) | कृष्णलाल महर्जन<br>(सांसद) | सदस्य |
| १०) | माधव पौडेल<br>(ललितपुर जि.वि.स. सभापति) | सदस्य |
| ११) | डा. कमलकृष्ण जोशी | सदस्य |
| १२) | हिम बहादुर क्षेत्री | सदस्य |
| १३) | दुर्गा मान खड्गी | सदस्य |
| १४) | के. बी. शाही | सदस्य |
| १५) | डा. ऋषी कुमार काफ्ले | सदस्य |



## आर्थिक श्रोत

विधानमा निर्धारित गरिएका उद्देश्यहरू प्राप्तिका लागि एवं अन्य गतिविधिहरू सञ्चालन गर्नका लागि आवश्यक पर्ने रकम जुटाउन प्रतिष्ठान प्रयत्नशील रहेको छ। श्री ५ को सरकारले आर्थिक वर्ष २०५५/५६ र २०५६/५७ मा पटक पटक गरी प्रतिष्ठानलाई केही रकम उपलब्ध गराएको भए तापनि कमरेड तुल्सीलाल अमात्यको राष्ट्रिय राजनीतिक व्यक्तित्व, नेपालको कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलनमा वहाँको योगदान र अन्य नेताहरूको नाउँमा स्थापना गरिएका प्रतिष्ठानले प्राप्त गरेको रकमको तुलनामा निकै कम छ। श्री ५ को सरकारको यस प्रकारको पक्षपातपूर्ण नीतिको सम्बन्धमा ध्यान आकृष्ट गराउन प्रतिष्ठानका सभापति कमरेड माधव कुमार नेपालको नेतृत्वमा एउटा प्रतिनिधि मण्डलले प्रधानमन्त्रीलाई समेत भेटेको थियो। यसको अलावा प्रतिष्ठानका संस्थापक सदस्यहरू र अन्य सदस्यहरूले पनि प्रतिष्ठानलाई आवश्यक पर्ने रकम उपलब्ध गराउँदै आएका छन् ।

# गतिविधिहरू

प्रतिष्ठानको माग बमोजिम श्री ५ को सरकारले ललितपुर उपमहानगरपालिका अन्तर्गत शंखमूलमा करीब ६० रोपनी जग्गा उपलब्ध गराउन सिद्धान्ततः सहमत भएको छ। तर पनि यस सम्बन्धमा केही प्राविधिक अड्चनहरू आइपरेका छन्। वर्तमान अवस्थामा उक्त जग्गा प्राप्त गर्नुलाई प्रतिष्ठानले आफ्नो कार्य सूचीमा प्राथमिकता दिएको छ। साथै प्रतिष्ठानले ललितपुर उपमहानगर पालिकाको ग्वार्कोमा र विगतमा कमरेड टि.एल.ले सञ्चालन गरेको ऐतिहासिक किसान आन्दोलनको उर्वराभूमि रहेका रौतहट जिल्लामा वहाँको शालिक निर्माण गर्ने लक्ष्य राखेको छ।

उक्त कार्य सम्पन्न गर्नका लागि प्रतिष्ठानले तीन सदस्यीय समिति पनि गठन गरेको छ। उक्त समितिले शालिक निर्माण गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार र रकम जुटाउन प्रयास गर्नेछ। प्रतिष्ठानको माग बमोजिम हालसालै श्री ५ को सरकारको हुलाक सेवा विभागले कमरेड तुल्सीलाल अमात्यको चित्र अंकीत हुलाक टिकट प्रकाशित गर्ने निर्णय गरेको छ, जुन स्वागत योग्य छ। विगतमा प्रतिष्ठानले वृक्षारोपण अभियान, सडक सफाई अभियानका साथै देशको समसामयिक राजनीतिक स्थितिका सम्बन्धमा विचार गोष्ठी आयोजना पनि गर्दै आएको छ। प्रतिष्ठानले 'नेपालको कम्युनिष्ठ एवं प्रजातान्त्रिक आन्दोलनमा कमरेड तुल्सीलाल अमात्यको योगदान' विषयक राष्ट्रव्यापी निबन्ध प्रतियोगिता आयोजना गरी उत्कृष्ट कृतिहरूलाई पुरस्कृत समेत गरेको थियो। प्रतिष्ठानले विगतमा ललितपुर जिल्लामा र रौतहट जिल्लामा 'तुल्सीलाल अमात्य रनिङ्ग शिल्ड हाजिरी जवाफ प्रतियोगिता' पनि आयोजना गरेको थियो। आगामी दिनहरूमा प्रतिष्ठानले आफ्ना गतिवधिहरूको क्षेत्रलाई अझ विस्तृत गरेर लैजान निरन्तर रूपले प्रयत्नशील रहनेछ।

–:000:–

प्रस्तोताः

**हिम बहादुर क्षेत्री**

*कार्यकारिणी समिति सदस्य, तुल्सी लाल स्मृति प्रतिष्ठान*

**प्रकाशन मिति : २०५७ साल कार्त्तिक**